का.जि.प्र.का.द.नं. १००/०५९/६०

७ जेठ २०७९,
शनिबार
21 May 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २०, अंक १०५ । पृष्ठ ८    Madhyanha    www.madhyanhadaily.com



# आयो परिणाम, आएन प्रतिक्रिया

चुनावको प्रारम्भिक नतिजामै प्रतिक्रिया दिन आतुर हुने ठूला दलका शीर्ष नेताहरुले यसपटक मौनता साँधेका छन् । कांग्रेस सभापति शेरबहादुर देउवा स्वभावैले कम बोल्छन्, तर नेकपा एमालेका अध्यक्ष केपी ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड समेत छन् ।

> कांग्रेस ठूला पार्टी भएकोमा गमक्क छ । यसैपनि देउवा कम बोल्ने नेता हुन् । ओलीले आफुलाई निकै कमजोर महसुस गरेका छन् । प्रचण्ड बार्गेनिङ पावर बढाएर बसेका छन् जहिले जता पनि मिल्नुपर्ने हुन सक्छ । वातावरण बिगार्न किन बोल्थे र ?
>
> **विष्णु दाहाल**
> **राजनीतिक विश्लेषक**

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ६ जेठ ।

३० वैशाखमा भएको स्थानीय तहको चुनावको ९० प्रतिशत स्थानयि तहको नतिजा सार्विजनिक भैसकेको छ । तर, ठुला शीर्ष नेताहरु नतिजालाई लिएर केही बोलिरहेका छैनन् । खासगरी नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र यो चुनावबाट पनि ठुला दलका रुपमा देखा परेका छन् । तर, तीनै दलका नेताहरु सार्वजनिक रुपमा मात्रै नभएर पार्टीकै नेता/कार्यकर्ताहरुसँग समेत छलफलमा बसिरहेका छैनन् ।

राजनीतिक विश्लेषक विष्णु दाहाल अनुसार यसपटक शीर्ष नेताहरु मौन रहनुलाई अर्थपूर्ण रुपमा लिन्छन् । उनका अनुसार, कांग्रेस स्वभावैले चुनावको नतिजाबारे प्रतिक्रिया दिन हतार गर्ने पार्टी होइन् । अझ कांग्रेस सभापति शेरबहादुर देउवा एकदमै कम बोल्ने, टिममा काम गर्ने र कुटनीतिक रुपमा आफुलाई प्रस्तुत गर्ने स्वभावका छन् । अहिलेको चुनावमा सबैभन्दा ठूलो भएका कारण कांग्रेस नेताहरु अहिलेकै परिस्थितिलाई प्रदेश र संघको चुनावमा लैजान चाहन्छन् । यसकारण कांग्रेसका दोस्रो र तेस्रो तहका नेताहरु पनि वातावरण बिग्रन सक्नेमा सचेत भएर कम बोलिरहेका छन ।

दाहाल थप्छन्, 'तर, एमाले र माओवादी केन्द्रका नेताहरु त बोल्न हतार गर्ने प्रवृतिका छन् । स्वमं एमाले अध्यक्ष ओली र माओवादी अध्यक्ष प्रचण्ड चुनावको प्रारम्भिक नतिजामै बोल्न हतार गर्ने र कार्यकर्ताकहाँ पुग्ने नेता हुन । तर, यो पटक ओली र प्रचण्ड ने बोलिरहेका छैनन् ।'

### दबाबमा ओली र प्रचण्ड !

राजनीतिक विश्लेषक दाहाल केपी ओली सार्वजनिक रुपमा नबोल्नुका पछाडि स्थानीय तहको चुनावी परिणाम नै भएको बताउँछन् । उनका अनुसार ओली अहिले धेरै चरम दवावमा छन् । एमाले र माओवादी केन्द्र मिलेर झण्डै दुई तिहाइ नजिकको पार्टीको प्रमुख भएर काम गरेका व्यक्ति हुन ओली ।

अघिल्लो स्थानीय तहको चुनावमा एक्लै सबैभन्दा ठूलो दल भएको एमाले यसपटक २०० वरिपरी स्थानीय तहको नेतृत्वमा खुम्चिने भएको छ । अहिलेकै स्थिति कायम रहे प्रदेश र संघीय सरकारमा सहभागि नै हुन नपाउने वातावरण बनेको निष्कर्षमा छन् ओली ।

दाहाल भन्छन्, 'ओलीको नेतृत्वमा प्रश्न उठ्यो । स्थानीय तहमा सर्वनाक हार हो । यसको मुख्य कारण नेकपा बनाउनु र नेकपा बनाएर स्वमं ओलीले गरेका हर्कतहरु कारक हुन । यसकारण ओली बोल्न सकिरहेका छैनन् ।' ओलीले चुनावी परिणामबारे नबोल्नुको कारण नयाँ राजनीतिक कोर्सका लागि तयारी गरेको रुपमा लिन सकिने कतिपयको विश्लेषण छ । एमालेका दोस्रो र तेस्रो तहका नेताहरुमार्फत ओलीले वाम एकताको संदेश माओवादी अध्यक्ष प्रचण्डकहाँ पुऱ्याइरहेकाले पनि ओलीले नयाँ राजनीतिक कोर्सको तयारी गरेको रुपमा बुझ्न सकिने नेताहरु बताउँछन् ।

अहिले बोल्दा माओवादी केन्द्र र एमाले नै फुटाएर बनेको नेकपा एकीकृत समाजवादीका नेताहरु भड्किने बुझाईमा छन् एमाले नेताहरु । यही सुझाव एमालेका दोस्रो र तेस्रो तहका नेताहरुले अध्यक्ष ओलीलाई दिइरहेका छन् पनि ।

एमाले र माओवादीका दोस्रो र तेस्रो तहका नेताहरुले पाँच दलीय सत्ता गठबन्धनबाट प्राप्त सिटप्रति असन्तुष्टि जनाइरहेका बेला त्यो सेन्टिमेन्ट क्यास गरेर वाम तालमेल वा एकताको पहल गर्न सकिने सम्भावनालाई ध्यान दिएर नै ओली सार्वजनिक रुपमा नबोलिरहेको स्वमं एमालेका नेताहरु समेत स्वीकार गर्छन । अर्कोतर्फ माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड पनि बोलिरहेका – बाँकी पृष्ठ २ मा

## जनप्रतिनिधिलाई कामको बोझ
# पहिले भन्दा सहज

> पहिलो कार्यकालमा जितेकाहरुलाई भौतिक संरचनादेखि कानुन बनाउनुपर्ने दायित्व थियो । कर्मचारी व्यवस्थापनको विषयमा उतिकै अन्योलता थियो । अहिले भौतिक संरचना छ । कानुनी आधार बनेका छन् । कर्मचारी व्यवस्थापन भएको छ ।
>
> **बिपिन अधिकारी**
> संघयिता र संविधानविद्



*भक्तपुर नगरपालिकाका उपमेयर लगायत जनप्रतिनिधिलाई पद तथा गोपनियताको शपथ ग्रहण गराउँदै मेयर सुनिल प्रजापति । तस्वीरः लक्ष्मी गारु*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ जेठ ।

३० वैशाखको चुनावमा निर्वाचित जनप्रतिनिधिहरुले धमाधम सपथ लिन थालेका छन् । निर्वाचन आयोगका अनुसार ५ वैशाखबाट पहिलो कार्यकाल सकाएका जनप्रतिनिधिहरु बिदा भएकाले दोस्रो कार्यकालका लागि विजयी भएका जनप्रतिनिधिहरुले ६ जेठमा सपथ लिएका हुन् । मतगणना जारी रहेका स्थानीय तहको हकमा गणना सकिएपछि सपथ हुने आयोगका अधिकारीहरु बताउँछन् । संविधानतः जनप्रतिनिधिमूलक स्थानीय तहमा पद रिक्तता हुन नहुने र पद रिक्त हुँदा सेवाग्राहीका काम प्रभावित भएमा के गर्ने भन्ने अन्योल देखिए पनि जेठ ५ गते अगावै निर्वाचन भइसकेकाले कानूनीरुपमा खास समस्या नपर्ने निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलियाले बताए ।

नेपालको संविधानको धारा २१४ अनुसार स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ र नगर कार्यपालिकामा निहित रहेको छ । संविधानको धारा २२५ मा – बाँकी पृष्ठ २ मा

# ९० प्रतिशत नतिजा सार्वजनिक

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ६ जेठ ।

३० वैशाखमा भएको चुनावको ९० प्रतिशत नतिजा आएको छ । ७५३ पालिका मध्ये ९० प्रतिशत पालिकाको नतिजा सार्वजनिक हुँदा नेपाली कांग्रेस सबैभन्दा ठूलो दलका रुपमा उदाएको छ ।

०७४ सालको चुनवमा कांग्रेस स्थानीय तहको चुनावमा दोस्रो दलको रुपमा रहेको थियो । ०७४ मा पहिलो दल भएको एमाले यसपटक दोस्रो भएको छ । ०७४ मा तेस्रो दलका रुपमा रहेको माओवादी केन्द्र यसपटक पनि तेस्रो दलमै कायम रहने देखिएको छ । नेकपा एमाले र माओवादी केन्द्र तेस्रो दलका रुपमा रहने देखिएको छ ।

०७४ मा पहिलो दल बनेको नेकपा एमालेले ४०.२४ प्रतिशत सिट जितेको थियो । नेपाली कांग्रेसले ३२.६९ प्रतिशत स्थान जितेको थियो भने तेस्रो बनेको माओवादीले १५.५३ प्रतिशत सिट संख्या जितेको थियो । तत्कालिन संघीय समाजवादीले ४.११ प्रतिशत र राजपाले ३.१७ स्थान जितेका थिए । राप्रपा लगायत अन्य दलहरुले एक प्रतिशत भन्दा कम सिटहरु जितेका थिए ।

संख्याका आधारमा हेर्दा ०७४ मा एमालेले २९४ तहमा प्रमुख जितेको थियो भने उपप्रमुख ३३१ स्थानमा जितेको थियो । २ हजार ५६० वडाध्यक्ष र १० हजार ९१२ जना वडा सदस्य एमालेले जितेको थियो । त्यसबेला कांग्रेसले २६६ स्थानमा प्रमुख र २२३ स्थानमा उपप्रमुख जितेको थियो । २ हजार २८६ वडाध्यक्ष र ८ हजार ६७९ स्थान वडा सदस्य काँग्रेसले जितेको थियो ।

माओवादीले १०६ स्थानमा प्रमुख जितेको थियो भने १११ स्थानमा उपप्रमुख जितेको थियो । १ हजार १०२ जना वडाध्यक्ष र ४ हजार १२३ जना वडा सदस्य माओवादीले जितेको थियो ।

संघीय समाजवादीले ३४ प्रमुख र ३२ उपप्रमुख जितेको थियो भने राजपाले २५ प्रमुख र ३० उपप्रमुख पद जितेका थिए । हाल कांग्रेसमा समाहित भइसकेको लोकतान्त्रिक फोरमले ९ स्थानमा प्रमुख र ८ स्थानमा उपप्रमुख जितेको थियो । स्वतन्त्र उम्मेदवारले ६ वटा प्रमुख र ५ वटा उपप्रमुख जितेका थिए ।

राप्रपाले ५ र राष्ट्रिय जनमोर्चाले ३ स्थानमा प्रमुख जितेका थिए भने नयाँ शक्ति पार्टी र नेपाली जनता दलले दुई-दुई स्थान जितेका थिए । नेमकिपाले भक्तपुर नगरपालिकामा एक प्रमुख र एक उपप्रमुख जितेको थियो ।

०७४ को चुनावमा ९१ वटा वडाध्यक्ष पद स्वतन्त्र उम्मेदवारको पोल्टामा परेको – बाँकी पृष्ठ २ मा

# भैरहवामा नै वैदेशिक रोजगार कार्यालय स्थापना गर्ने घोषणा

**मध्यान्ह संवाददाता**
भैरहवा, ६ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल हुँदै वैदेशिक रोजगारीमा जानेहरुलाई सरल र सहज सेवा दिन जेठ महिनाभित्रै वैदेशिक रोजगार कार्यालय स्थापना गर्ने घोषणा गरेका छन् ।

भैरहवामा उद्योग वाणिज्य संघले आयोजना गरेको कार्यक्रममा मन्त्री श्रेष्ठले वैदेशिक रोजगार कार्यालयका साथै, म्यानपावर कम्पनी, अभिमुखीकरण तालिम दिने संस्था र स्वास्थ्य परीक्षण गर्ने संस्थाहरु पनि जेठभित्रै स्थानीयस्तरमा संचालन गर्ने प्रतिवद्धता जनाए ।

यसअघि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान शुरू गरेको जजिरा एयरवेजका नेपाल प्रतिनिधिले काठमाडौंबाट यात्रु लगेर उडान गर्न नसकिने भन्दै जेठ महिनाभित्र स्थानीयस्तरमा श्रम स्वीकृति दिने व्यवस्था गर्न सुझावको शैलीमा दवाब दिएको थियो ।



शुक्रबारको कार्यक्रममा स्थानीय जनप्रतिनिधि, उद्योगी व्यवसायीसहित सरोकारवलाहरुले वैदेशिक रोजगारीमा जानुअघि श्रमिकले पूरा गर्नुपर्ने सबै प्रक्रिया भैरहवाबाटै पूरा हुनुपर्ने माग गरेका थिए । – बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## म्यानपावरका शाखा खोल्न दिन संघको माग

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले व्यक्तिगत श्रम स्वीकृति अनलाइनबाटै दिने व्यवस्था गरेपछि वैदेशिक रोजगारीमा जानेहरुलाई सहज भएको छ । वैदेशिक रोजगार कार्यालय ताहाचालबाट गत वैशाख २ गतेबाट संस्थागत श्रम स्वीकृति अन्तर्गत पूर्व र अन्तिम स्वीकृतिका कामहरु र गत माघ २ गतेदेखि नै पुनः श्रम स्वीकृति अनलाइनबाटै दिन शुरू गरेको थियो ।

व्यक्तिगत श्रम स्वीकृति र वैधानिकीकरणमार्फत हुने श्रम स्वीकृतिको काम जेठ ६ गते शुक्रबारदेखि सञ्चालन गरिएको विभागले जनाएको छ । विभागका निर्देशक कृष्ण प्रसाद भुसालले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृतिका लागि काठमाडौं आउनु नपर्ने व्यवस्था गरिएको बताए ।

यसैबीच नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक बिमलप्रसाद ढकालले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आवश्यकता अनुसार म्यानपावर कम्पनीका शाखा खोल्न अनुमति दिनुपर्ने र भैरहवा विमानस्थललाई लक्षित गरी रुपन्देहीमा शाखा खोल्न अनुमति दिन ढिला गर्न नहुने बताएका छन् ।

# कतारमा मनाइयो २५६६ औँ बुद्ध जयन्ती

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, ६ जेठ

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको समन्वय र कतारमा स्थापित ६२ वटा नेपाली संघ संस्थाहरूको संयुक्त आयोजनामा २५६६ औँ बुद्ध जयन्ती मनाइएको छ।

दूतावासको सभा हलमा कार्यवाहक राजदूत लक्ष्मण खनालको प्रमुख आतिथ्यता तथा परिषद् कतारका कार्यवाहक अध्यक्ष जैवी चाम्लिङ राईको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको हो।

जयन्तीका अवसरमा लामा गुरुमार्फत पूजा अर्चना सहित कार्यक्रमको शुभारम्भ गरिएको थियो। कार्यक्रममा द्धितिय सचिव प्रवीण भट्टराई, लेबर कन्सुलर कृष्ण खनाल र एनआरएनए आइसीसी उपाध्यक्ष आरके शर्मा लगायत विभिन्न तह र तप्काका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो। आफ्नो शुभकामना मन्तव्यको क्रममा प्रमुख अतिथि खनालले राष्ट्रिय विभूति बुद्धले दुःखको कारण आफ्नै लोभ लालच भएको बताएको हुँदा अतिरिक्त मोह र लालच नराख्ने भन्नु भएको जानकारी गराएका थिए।



मोहकै कारण अशान्ति बढ्ने हुँदा अनावश्यक मोह त्याग्न सके बुद्धको बाटोमा हिँड्न सकिने उनको भनाइ छ।

दया करुणा र अहिंसाको बाटोमा हिँड्न सके बुद्धत्व प्राप्त भएको मानिने उनले बताए।

शुभकामना मन्तव्यकै क्रममा खनालले बुद्धको प्रचार प्रसारका लागि सरकारले कुनै कसर नछाडेको र आफूले पनि सक्दो प्रचार गर्ने र गरिरहेको उनले बताए। खनालले खाडीबाट हुण्डी मार्फत पैसा पठाउने प्रवृत्ति निकै बढेको बताउँदै सरकारले तोकेको दायरामा अवसर रेमिटेन्स पठाउन पनि आग्रह गरे।

संघ कतारका महासचिव पदम गिरीले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति राईले जनजाति महासंघ अन्तर्गतका जातीय तथा भातृसंगठनका प्रमुखहरूलाई धन्यवाद दिएका थिए। उनले एनआरएनए कतारले राष्ट्रिय पर्वहरू संयुक्त रूपमा मनाउने र भाइचारा कायम गर्ने गरेको र यसलाई निरन्तरता दिने बताए।

# मतपेटिका लुट्ने फरार अभियुक्त पक्राउ

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ६ जेठ



रौतहटमा मतपेटिका लुट्ने फरार अभियुक्त पक्राउ परेका छन्।

यमुनामाई गाउँपालिका वडा नम्बर २ का ४६ वर्षीय चन्देश्वर बैठालाई मतपेटिका लुटेर भागेको अभियोगमा पक्राउ गरिएको हो। श्री मा.वि. भेडियाही स्कुल अवस्थित मतदान केन्द्रमा वैशाख ३० गते मतदान स्थगित भएका बेला मतपेटिका लुट्ने प्रयास भएको थियो। त्यसदिन हुलसहित मतदानकेन्द्र भित्र प्रवेश गरेर मतपेटिका लुटेर भाग्ने क्रममा सुरक्षाकर्मीले गोली चलाएपछि बैठासहितका केही व्यक्तिहरु मतपेटिका छाडेर भागेका थिए।

मतपेटीका सुरक्षाकर्मीको पहुँचमै थियो। त्यसका बाबजुत लुटेर लगेपछि सुरक्षाकर्मीको टोलीले मतपेटीका नियन्त्रणमा लिने क्रममा केही राउण्ड गोली समेत चलाएको थियो। तर लुटेराहरु मतपेटीका छाडेर भागेका थिए। तिनै फरारमध्ये मुख्य अभियुक्त बैठा रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

आफ्नै घरमा बसिरहेका अवस्थामा बैठालाई पक्राउ गरिएको हो। प्रहरीका अनुसार उनलाई निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ बमोजिम कानूनी कारवाहीको लागि जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको छ।

# नवनिर्वाचित जनप्रतिनिधिहरुले लिए शपथग्रहण



अनिष पन्थी/मध्यान्ह
गुल्मी, ६ जेठ

गुल्मीमा नव निर्वाचित जनप्रतिनिधिहरुको सपथग्रहण तथा प्रमाण पत्र वितरण कार्यक्रम सम्पन्न भएको छ। वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा बिजयी रेसुङ्गा नगरपालिकाका जनप्रतिनिधि र गाउँपालिका प्रमुखहरुलाई शपथग्रहण तथा प्रमाण पत्र प्रदान गरिएको हो।

त्यस्तै गाउँपालिकाका प्रमुखहरुले भने आफ्नो सम्बन्धित पालिकाका जनप्रतिनिधिलाई शपथ गराएका छन्। जिल्ला निर्वाचन कार्यालय गुल्मीको आयोजनामा रेसुङ्गा नगरपालिकाको सभा हलमा कार्यक्रम गरिएको थियो।

कार्यक्रममा शुभकामना मन्तव्य दिदै रेसुङ्गा नगरपालिकाका निवर्तमान प्रमुख डिल्लीराज भुषालले निष्पक्ष तरिकाले काम गर्न आग्रह गरे।

देश र जनता प्रति बफादार रहि कसैप्रति आग्रह पूर्वाग्रह नराख्ने रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले बताए। जनप्रतिनिधि भैसकेपछि अब सबैको साझा अभिभावक बन्ने वाचा गर्दै उनले रेसुङ्गालाई एउटा सुन्दर नगरपालिका बनाउन सबैसंग हातेमालो गरेर अगाडि बढ्ने बताए। 'सबैलाई एकताबद्ध गरेर लैजाने प्रयाश गरिनेछ', प्रमुख पन्थीले भने, 'रेसुङ्गाबासीको शिर झुक्न दिइने छैन।' उनले बसाइँसराईलाई रोक्ने, नगरपालिका भित्रका शैक्षिक क्षेत्रलाई महत्त्वका साथ हेरिने बताए।

संघ, प्रदेश र स्थानीय तहको समन्वयलाई पारदर्शी बनाउन महत्वपूर्ण जिम्मेवारी अब नयाँ जनप्रतिनिधिमा आएको प्रखुख जिल्ला अधिकारी पूण्य बिक्रम पौडेलले बताए। प्रजिअ पौडेलले आर्थिक, सामाजिक, साँस्कृतिकलगायतका हक अधिकार प्रदान गर्ने जिम्मेवारी आएको बताउदै आफुबाट हुने सबै सहयोग गर्न तयार रहेको बताए। निर्वाचनलाई सम्पन्न गर्न खटिने सबैलाई जिल्ला न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत राधा कृष्ण उप्रेतीले धन्यवाद दिए। उनले शुभकामना व्यक्त गर्दै नव निर्वाचित जनप्रतिनिधिहरुलाई सफल कार्याकालको कामना समेत गरे।

## आयो...

छैनन्। प्रचण्ड नबोल्नुको पछाडि पनि बिबिध कारण देख्छन विश्लेषक दाहाल।

उनी भन्छन्, 'प्रचण्ड अहिले कसको पक्षमा बोलुन ? गठबन्धनको पक्षमा बोलौं आफ्नै पार्टीका दोस्रो तहका नेताहरु चुनावी तालमेलबारे असन्तुष्टि व्यक्त गरिरहेका छन्।' एमाले र एमाले अध्यक्ष ओलीको विपक्षमा बोल्न पनि प्रचण्डलाई सकस परेको विश्लेषण उनको छ। थप्छन्, 'स्थानीय तहको चुनावले प्रचण्डको बार्गेनिङ बढ्यो। कांग्रेससँग मिल्दा र एमालेसँग मिल्दाको फाइदा उनले हेर्न सक्छन्। यसका लागि पनि उनी अहिले बोल्न सकिरहेका छैनन्।'

एमाले नेताहरुसँग निरन्तर संवादमा रहेका प्रचण्ड कम्युनिस्टहरु एक हुनुपर्छ भन्ने पक्षमै छन्। तर, त्यसका लागि उन ीओली कमजोर भएको देख्न चाहन्छन्। अहिले ओली कमजोर भएको र पाँच दलीय सत्ता गठबन्धन प्रदेश र संघीय चुनावमा जाँदा थप कमजोर हुने भयले एमालेले तालमेलका लागि गर्ने प्रस्ताव कुरिरहेका छन्। एमालेले यति दिन्छु भनेर गर्ने प्रस्तावले कांग्रेससँग समेत बार्गेनिङका लागि दवाव पुग्ने उनको विश्लेषण छ। यसकारण यस स्थितिमा बोल्नु भन्दा नबोल्नु ठीक भनेर प्रचण्डले ठानेको हुन सक्ने विश्लेषक दाहालको बुझाई छ।

## जनप्रतिनिधिलाई...

गाउँसभा र नगरसभाको कार्यकाल पाँच वर्षको हुनेछ। नेपालको संविधानको धारा २१५ उपधारा ९४० मा गाउँसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य र उपधारा ९५० बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेका दुई जना सदस्य हुने व्यवस्था छ।

संविधानको धारा २१६ को उपधारा ९४० बमोजिम नगरसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको पन्ध्र दिनभित्र नगरसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य र उपधारा ९५० बमोजिमको योग्यता भएका दलित वा अल्पसंख्यक समुदायबाट नगरसभाले निर्वाचित गरेका तीन जना सदस्यसमेत नगर कार्यपालिकाको सदस्य हुने व्यवस्था रहेको छ।

निर्वाचित जनप्रतिनिधिमध्ये गाउँपालिकाको अध्यक्ष, नगरपालिकाको प्रमुख र जिल्ला समन्वय समितिको प्रमुखले आफ्नो कार्यभार सम्हाल्नुअगावै निर्वाचित भएको सात दिनभित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको ढाँचामा सम्बन्धित जिल्ला न्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्ने हुन्छ। गाउँपालिकाको उपाध्यक्ष, नगरपालिकाको उपप्रमुख, वडाअध्यक्ष, गाउँ तथा नगरसभाका सदस्य र जिल्ला समन्वय समितिका उपप्रमुख र सदस्यले अध्यक्ष वा प्रमुखले शपथ लिएको सात दिनभित्र तोकिएको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनुपर्ने व्यवस्था छ। संविधानविद बिपिन अधिकारी अहिले निर्वाचित जनप्रतिनिधिहरुलाई पहिलो कार्यकालका जनप्रतिनिधिहरुलाई भन्दा निकै सहज रहेको बताउँछन्।

'पहिलो कार्यकालमा जितेकाहरुलाई भौत्तिक संरचनादेखि कानुनी संरचना समेत बनाउनुपर्ने थियो। कर्मचारी व्यवस्थापनको विषयमा उत्तिकै अन्योलता थियो' अधिकारी थप्छन्, 'अहिले भौत्तिक संरचना छ। कानुनी आधार बनेका छन्। कर्मचारी व्यवस्थापन भएको छ। अपुग भएकाहरुमा भर्ति गरेर तुरुन्तै काम गर्ने वातावरण छ।'

अर्का संविधानविद भिमार्जुन आचार्य संविधानले परिकल्पना गरे अनुसारको स्थानीय सरकार चलाउने र संघीयताको बोध गराउने मुख्य जिम्मेवारी अहिले जित हासिल गरेका जनप्रतिनिधिहरुमा रहेको बताउँछन्।

आचार्य थप्छन्, 'पहिलो कार्यकालमा रहेकाहरुले बिभिन्न बहना बनाउने छुट पाएका थिए। समस्या पनि थियो। तर, अब कुनै बाहना छैन्। छ त केवल काम गनुपर्ने र जनतालाई सेवा दिएर मन जित्नुपर्ने।'

## ९० प्रतिशत ...

थियो भने राप्रपाले ५९ र राष्ट्रिय जनमोर्चाले ३३ जना वडाध्यक्ष जितेका थिए। ८८ जना वडाध्यक्ष विजय गच्छदारको पार्टीबाट जितेका थिए, जो नेपाली काँग्रेसमा समाहित भइसकेका छन्। नेमकिपाले २२ वडाध्यक्ष जितेको थियो। यसपटक ठुला दलहरुको समिकरण फेरिएको छ।

९० प्रतिशत नतिजा आउँदा समेत ठुला सहरको परिणाम भने आउन बाँकी छ। परिणाम घोषणा हुन बाँकी महानगरपालिका र उपमहानगरपालिकाको नेतृत्वलाई राजनीतिक दलहरुले प्रतिष्ठाका रुपमा लिएका छन्।

## भैरहवामा...

मन्त्री श्रेष्ठले गौतमबुद्ध अन्तर ाष्ट्रिय विमानस्थलमा रहेको श्रमिक सहायता कक्षको पनि अवलोकन गरेका थिए। मन्त्री श्रेष्ठले विमानस्थलमा श्रमिकका लागि छुट्टै प्रवेशद्वार नराखी सम्मानजनक व्यवहार गर्न विमानस्थल प्रशासनलाई निर्देशन दिएका छन्।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पनि वैदेशिक रोजगार सम्बन्धी कार्यालयका साथै म्यानपावर कम्पनीका शाखा, अभिमुखीकरण तालिम दिने संस्था र स्वास्थ्य परीक्षण गर्ने संस्थाहरु पनि निकट भविष्यमै विस्तार गर्ने योजना रहेको बताएको छ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
सामाजिक विकास कार्यालय, सल्यान

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः- २०७९/२/०७

सामाजिक विकास कार्यलाय सल्यानबाट मिति २०७८ चैत्र २ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रित पूर्वक दर्ता भएका बोलपत्रदाताहरु मध्ये मूल्याङ्कन समितिको निर्णय अनुसार तालिकामा उल्लेखित बोलपत्रदाताको बोलपत्र सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| बोलपत्र नं. | कामको नाम | बोलपत्र दाताको नाम | कबोल अंक रु. (मु. अ. कर बाहेक) |
|---|---|---|---|
| SDO/Salyan/Works/NCB/01/078–079 | प्रशासनिक, प्रयोगशाला भवन तथा अन्य संरचना निर्माण कार्य। | एल वि एण्ड ए वि विल्डर्स कैलाली | ३,१०,५०,९७०.६७ |

कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश वन निर्देशनालय
डिभिजन वन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत

**आर्थिक प्रस्ताव सम्वन्धि आशयको सूचना**

प्रकाशित मिति-२०७९।०२।०७

प्रस्तुत विषयमा यस कार्यालयको चालु आर्थिक वर्ष २०७८।०७९ का लागि वार्षिक कार्यक्रम अनुसार यस कार्यालयलाई आवश्यक पर्ने Water Tank Vehicle with portable fire–fighting pump and water spray mechanism थान एक खरिद गर्न सूचना प्रकाशित भए वमोजिम तहाँवाट पर्न आएका आर्थिक प्रस्ताव/वोलपत्र मध्ये तपशिल वमोजिमको आर्थिक प्रस्ताव न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्विकृतिका लागी छनौट गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ६७ वमोजिम यो आशय पत्रको सुचना प्रदान गरिएको छ।

| प्रस्ताव दाताको नाम र ठेगाना | कवोल अंक |
|---|---|
| श्री National Fire Safe Pvt. Ltd., सुर्यविनायक नगरपालिका-३, बालकोट भक्तपुर | ५५,०९,३१५।- मू.अ.कर समेत (अक्षरम पच्पन्न लाख नौ हजार तीन सय पन्ध्र रुपैयाँ मात्र) |

डिभिजन वन अधिकृत

**OMAN मा वैदेशिक रोजगारको अवसर**
१. कम्पनी : Rabo'o Al-Bar Trading
शहरः Oman,Sur

पूर्व स्वीकृत मितिः २०७९/०२/०६ चलानी नं.: ६०१७९४८३ LT. No.: 263196

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner-Public Buildings | 0 | 17 | स. काममा दक्ष | 100 | ३२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १४ गते (28 May 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Rightway Enterprises Pvt. Ltd.
Govt.Lic.No.: 517/061/062
Aaloknagar Minbhawan-31
Kathmandu, Nepal
Tel : 01-4106275, 4106276
Mob: 9823859301, 9851152281

**मलेशियामा रोजगारको अवसर**
कम्पनी : TC UNITRADE SDN.BHD.
शहरः MALAYSIA

पूर्व स्वीकृत मितिः २०७६/१२/०६ चलानी नं.: ६०१५३६१२ LT. No.: 235178 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 55 | 0 | स. काममा दक्ष | 1200 | ३३,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १३ गते (27 May 2022) मा हुनेछ।
फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १४ र १५ गते (28 & 29 May 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

वि. एस. ओभरसिज प्रा. लि.
B.S. OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. ५४०/०६१/०६२
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.:४९६३३५८,४९६४४१०, ४९८७४०२
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@gmail.com
website www.bsoverseasnepal.com.np
ISO 9001 : 2015 CERTIFIED
Regd No : 19313/A/001/En
स्थापनाकालको सबैभन्दा छोटो समयमा नै ISO 9001:2015 प्राप्त गर्न सफल कम्पनी

**युएईमा रोजगारको अवसर**
कम्पनी : BINHENDI SECURITY SERVICES
शहरः DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०६/१२ चलानी नं.: ६०१६४१६० LT. No.: 246989 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (PSBD) | 20 | 4 | स. काममा दक्ष | 2000 | ६७,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता लण्डन होटेल, इटहरी सुनसरीमा २०७९ जेठ १५ गते (29 May 2022) मा हुनेछ।
अन्तर्वार्ता कक्टानी होटेल, झापा दमकमा २०७९ जेठ १६ गते (30 May 2022) मा हुनेछ।
अन्तर्वार्ता सि.पी होटेल, विर्तामोड झापामा २०७९ जेठ १६ गते (30 May 2022) मा हुनेछ।
अन्तर्वार्ता होटेल रेड कारपेंट, चितवन भरतपुरमा २०७९ जेठ १७ गते (31 May 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Indo Arab Manpower Pvt. Ltd. (Skyking Placement (P.) Ltd.)
Gov. Lic no: 764/065/066
Jawalakhel-20, Lalitpur, Tel:5439268, 5439269, Fax: 5539259
Mob.: 9855058369, 9807144970, Email: ktmskyking@gmail.com, Web: www.indoarabnepal.com

**कुवेतमा रोजगार**
कम्पनीः WAHO COMPANY FOR JDELIVERY OF CONSUMER ORDERS AND OTHERS.
शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०२/०६ चलानी नं.: ६०१७९४८१ LT. No.: 263299

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Rider | 15 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५४,६४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaning Worker/ Kitchen Equipment | 20 | 0 | | 100 | ४०,४७९ | | | | | | | |
| 3. | Light Driver | 20 | 0 | | 135 | ५४,६४६ | | | | | | | |
| 4. | Warehouse Labor | 20 | 0 | | 100 | ४०,४७९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १४ गते (28 May 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

License No.: 1542/ 078/079
GLOBAL SAPANA OVERSEAS PVT. LTD.
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu, E-mail:- admin@loginoverseas.com

# दार्चुला कांग्रेसका सचिव कार्कीद्वारा राजीनामा

**दिपक बाबु साउद/मध्यान्ह**
दार्चुला, ६ जेठ



नेपाली कांग्रेस जिल्ला कार्यसमिति दार्चुलाको सचिव पुलेन्द्रबहादुर कार्कीले राजीनामा दिका छन् । जिल्ला सभापति ललीतसिंह बोहरालाई राजीनामा पेश गरेको कार्कीले मध्यान्हलाई बताए ।

गत वैशाख ३० गते सम्पन स्थानीय तह निर्वाचनमा दुहु गाउँपालिकालगायत दार्चुला जिल्लाभित्र अधिकांश स्थानीय तहमा अपेक्षित नतिजा प्राप्त गर्न नसकेको भन्दै नैतिकताको आधारमा आफुले राजीनामा दिएको कार्कीले बताए । दार्चुलाको कुनैपनि स्थानीय तहमा प्रमुख पद जित्न नसकेको तथा अपेक्षित नतिजा नआएको भन्दै नैतिक जिम्मावारी लिँदै उनले सचिव पदबाट राजीनामा दिएका हुन् ।

सचिव पदको जिम्मेवारी वहन गर्न नसकेको महसुस गर्दै राजीनामा दिएको उनले राजीनामा पत्रमा उल्लेख गरेका छन् । दुहु गाउँपालिकाका निवर्तमान अध्यक्षसमेत रहेका कार्की वैशाख ३० गतेको निर्वाचनमा एमालेका नरेन्द्र सिंह वडालसँग पराजित भएका थिए । २०७४ सालमा दुई नगरपालिकासहित पाँच स्थानीय तह जित हात परेको कांग्रेसले यो पटक जिल्लाका सबै पालिकाको नेतृत्व गुमाएको छ ।

स्थानीय तह निर्वाचन

# सिरहाका पालिकाहरुमा को–को भए विजयी ?



**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ६ जेठ

स्थानीय तह निर्वाचन अन्तर्गत सिरहाका पालिकाको मतपरिणाम गणना सम्पन्न भइसकेको छ। मत परिणाम अनुसार सिरहाको लहान नगरपालिकाको मेयर र उपमेयरमा गठबन्धनका उम्मेदवार निर्वाचित भएका छन् ।

गठबन्धनबाट मेयरमा नेपाली कांग्रेसका महेश चौधरी र उपमेयरमा जसपाका रामचरित्र विजय भएका हुन् । मेयरमा चौधरी निवर्तमान मेयर मुनी साह सूडीसँग ८ हजार १ सय ३९ मतको फराकिलो अन्तरले निर्वाचित भएका हुन् ।

चौधरीले २० हजार १ सय ५ मत ल्याएर विजयी भएका छन् । उनका निकटतम प्रतिस्पर्धी निवर्तमान मेयर तथा नेकपा एमालेका उम्मेदवार साहले ११ हजार ९ सय ६६ मत प्राप्त गरेका छन् । नेकपा एकीकृत समाजवादीका विनोद कुमार साहले २ हजार १ सय ५२ मत प्राप्त गरेका छन् ।

उपमेयरमा गठवन्धनकै जसपाबाट उम्मेदवारी दिएका रामचलितर महतोले १२ हजार ५ सय ६९ मत प्राप्त गर्दै विजयी भएका छन् । उनको निकटतम प्रतिस्पर्धी निवर्तमान उपमेयर तथा नेकपा एमालेका उम्मेदवार सरियार कुमारी चौधरीले ११ हजार ७ सय ९० मत ल्याउँदा एकीकृत समाजवादीका कंचन चौधरीले ४ हजार ६ सय ५६ मत प्राप्त गरेका थिए ।

नगरपालिकाको २४ वडामध्ये सबैभन्दा बढी नेपाली कांग्रेस १६ वटा वडामा निर्वाचित भएका छन्। ४ वटा वडामा नेकपा एमाले, २ वटामा जसपा र १/१ वडामा नेकपा माओवादी र एकीकृत समाजवादी विजयी भएको छ ।

नेपाली कांग्रेसको तर्फबाट वडा नं १ मा युगल किशोर चौधरी, २ मा सीयाराम यादव, ३ मा रामदयाल महतो, ५ मा अवदुल करिम, ६ मा रमेश उपाध्याय, ७ मा राम औतार शर्मा, ८ मा श्याम कुमार साह, ९ मा घुरन थारु, ११ मा सूर्यनारायण चौधरी, १२ मा बद्रिनारायण चौधरी, १३ मा मनोज कोइराला, १५ मा तेज नारायण चौधरी, १६ मा गरुड बहादुर जर्घा मगर, १९ मा मो. कमरुदीन राँइन, २२ मा श्याम कुमार अधिकारी थारु र २३ मा बद्रि यादव निर्वाचित भएका छन् ।

एमालेको तर्फबाट वडा नं १० मा मन्टी कुमार मण्ड, १७ मा प्रथमलाल चौधरी थारु, १८ मा मो. सामसेर र २१ मा राजकुमार यादव विजयी भएका छन् । जनता समाजवादीबाट वडा नं ४ का रामना पण्डित र २४ बाट राजलाल राय राजपुत निर्वाचित भएका छन् ।

नेकपा माओवादी केन्द्रबाट वडा नं २० मा गणेश चौधरी र नेकपा एसका तर्फबाट वडा नं १४ मा धनिकलाल यादव निर्वाचित भएका छन् ।

यसै बीच कल्याणपुर नगरपालिकाको मेयर र उपमेयर दुबै पदमा एमालेका उम्मेदवार निर्वाचित भएका छन् ।

मेयरमा निर्वाचित एमालेका राम पुकार साहले ५ हजार ८ सय ८३ मत प्राप्त गरेर निर्वाचित भएका छन् । उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेसका धर्मनाथ यादवले ५ हजार ३५३ मत प्राप्त गरे ।

उपप्रमुखमा निर्वाचित रेखा कुमारी यादवले ५ हजार ७३३ मत प्राप्त गरी विजयी भइन् । उनका निकटतम प्रतिद्वन्द्वी कांग्रेसकी धनेश्वरी देवि मण्डलले ५ हजार ४७० मत प्राप्त गरिन् ।

यस्तै नरहा गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष दुबै पदमा नेकपा एमाले निर्वाचित भएको छ। गाउँपालिका अध्यक्षमा एमालेका रामप्रमोद यादव र उपाध्यक्षमा एमालेकै गुलाव देवी चौधरी निर्वाचित भएकी छिन् ।

अध्यक्ष यादवले १ सय ७८ मत अन्तरले निर्वाचित्व भएका हुन् । उनले २ हजार ६९५ मत पाउँदा उनका निकटतम प्रतिद्वन्द्वी जनता समाजवादी पार्टी नेपालका राम सोगारथ यादवले २ हजार ५१७ र कांग्रेसका कौशल मण्डलले २ हजार ११४ मत पाएका छन् ।

उपाध्यक्षमा गुलाव देवी चौधरी २ सय ४८ मत अन्तरले दोस्रो कार्यकालका लागि निर्वाचित भएकी छिन् । चौधरीले २ हजार ५७१ मत पाएकी छिन् । निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसकी अरहुल्ला देवी यादवले २ हजार ३२३ र जनता समाजवादी पार्टी नेपालीकी फूलोदेवी यादवले २ हजार १०४ मत प्राप्त गरेकी छिन् ।

# गोलाप्रथाबाट एमालेका साह विजयी

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, ६ जेठ



बरहथवा नगरपालिका वडा नं. ६ का वडाध्यक्षका प्रत्याशीहरू दुई जनाको बराबरी मत आएपछि गोलाप्रथा गरिएको छ। गोलाप्रथाबाट नेकपा एमालेका उम्मेदवार कृष्ण कुमार साह विजयी भएका छन् । मतगणना गर्दा नेकपा एमालेका उम्मेदवार साह र नेपाली कांग्रेसका उम्मेदवार लखेन्द्र महतो दुबैको बराबर ३ सय ४ मत आएको थियो ।

वडाध्यक्षमा मत बराबर भए पनि ४ वटा वडा सदस्यहरूमा नेकपा एमालेका उम्मेदवारहरू विजयी भएका छन् । नामको वर्णानुक्रमअनुसार दुबै उम्मेदवारले गोला छनोट गर्दा एमालेका साह विजयी भएका हुन् । यो वडामा २०७४ सालमा नेपाली कांग्रेसका लखेन्द्र महतो विजयी भएका थिए । यसपटक कांग्रेस दोस्रो स्थानमा पुगेको छ ।


**नेपाल सरकार**
**उद्योग मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदाबी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७६/०३/०१ गतेका दिन दर्ता भएको प्रा.लि. दर्ता नं. २१७३८०/०७५/०७६ को **गुरुङ्ग इलेक्ट्रोनिक्स प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरीपाउँ भनि यस कार्यालयमा निबेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्न बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## कतारमा रोजगार | कम्पनी : Golden Baron Cleaning
शहर : DOHA

पूर्व स्वीकृती मितिः २०७९/०२/०५ चलानी नं.: ६०१७९४४० LT. No.: 263219

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant | 0 | 1 | सम्बन्धित काममा दक्ष | 3600 | १,२२,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Gen Clean Worker | 0 | 7 | | 1200 | ४०,७६४ | | | | | | | |
| 3. | Labourer | 0 | 1 | | 1200 | ४०,७६४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १४ गते (28 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**RHR Rose Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं. १४५६/०७४/०७५
Sinamangal-9, Kathmandu, Tel.: 01-4116690, 4116669
Email : rosehumanresources12@gmail.com



## मलेसियामा रोजगारको अवसर | कम्पनी : TOUNG HUAT RICE (PAHANG) SB
शहरः PAHANG

पूर्व स्वीकृत मितिः २०७९/०२/०६ चलानी नं.: ६०१७९४४२ LT. No.: 263259

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ जेठ १४ गते (28 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**KHOJI खोजी रिक्रूटमेन्ट सर्भिसेस प्रा. लि.**
श्रम इजाजत पत्र नं. ९०२/०६७/०६८
सानेपा–२, विजयबस्ती, रिङरोड, ललितपुर, नेपाल, फ्याक्सः ५५५५९३४
हट लाईन नं.: ५४५५५७९२, फोनः ५४५५५८९६, मो.: ९८४१२७१९६२, ९८०८८६५४६०
Email: info@khojinepal.com.np, mohammad@khojinepal.com



## मलेसियामा रोजगार | कम्पनी :PERMINTEX FURUKAWA AUTOPARTS MALAYSIA SDN.BND
शहरः JITRA

पूर्व स्वीकृत मितिः २०७९/०२/०६ चलानी नं.: ६०१७९४५६ LT. No.: 263230

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 0 | 30 | स. काममा दक्ष | 1500 | ४२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितुरमा २०७९ जेठ १४ गते (28 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– रोजगार दाताले | रु. १,५००/– रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**माईलस्टोन इम्प्लोईमेन्ट सर्भिस प्रा. लि.**
हनुमानस्थान-१०, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५२३३६२, फ्याक्सः ५५४६६५१
श्रम इजाजत नं ८१०/०६५/०६६
Mobile: 9801848044 E-mail: miles@wlink.com.np, Web: www.milestoneemployment.com



## कुवेतमा रोजगार | कम्पनीः PALM PALACE RESTAURANT CO. W.L.L.
शहरः Kuwait, Salmeya

पूर्व स्वीकृत मितिः २०७८/०९/२५ चलानी नं.: ६०१७२४०८ LT. No.: 255859 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 7 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ३६,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Commi 3 (Kitchen Helper) | 10 | 0 | | 120 | ४८,५७५ | | | | | | | |
| 3. | Housekeeping (Lady) | 0 | 10 | | 100 | ४०,४७९ | | | | | | | |
| 4. | Runner (Bus Boy) | 10 | 0 | | 100 | ४०,४७९ | | | | | | | |
| 5. | Waiter | 6 | 0 | | 120 | ४८,५७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ १३ गते सम्म (27 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SUNERA NEPAL INCORPORATED PVT. LTD.**
Govt. Lic No.: 367/059/060
Post Box No: 19023, Maharajgunj- 03, Basbari, Kathmandu
Tel.: 01-5908134, 01-5908135, 9851002973
9860640882, 9843592658 | Email ID: info@suneranepal.com, Website: www.suneranepal.com



## कतारमा रोजगार | कम्पनीः GULF CONSTRACTION METERIALS
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०२/०६ चलानी नं.: ६०१७९४४३ LT. No.: 263272

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३३,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Purchase Rep | 1 | 0 | | 2100 | ७१,३३७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ १५ गते (29 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Nepal Life Recrutiment Agency Pvt. Ltd.**
Govt. Lic. No. 1476/074/075
Gaushala, Kathmandu, Nepal, , Tel:4490351, 4498920
Mob. : 98510 76290, 98010 76290, E-mail: nepallifera1476.2017@gmail.com



## बहराइनमा रोजगारको अवसर | कम्पनीः DARWISH HOTEL MANAGMENT
शहरः MANAMA

पूर्व स्वीकृत मितिः २०७९/०२/०६ चलानी नं.: ६०१७९४७९ LT. No.: 263268

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 0 | 2 | स. काममा दक्ष | 100 | ३२,९११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेठ १४ गते (28 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
